# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. चिरंजीबि नेपाल मनिला प्रस्थान

गभर्नर डा. चिरंजीबि नेपाल The South East Asian Central Banks (SEACEN) Research and Training Centre को आयोजनामा फिलिपिन्सको मनिलामा मंसिर ९ देखि ११ सम्म आयोजना हुने 51st SEACEN Governors' Conference/High Level Seminar and 35th Meeting of the SEACEN Board of Governors (BOG) मा सहभागी हुन मंसिर ७ गते सोमबार त्यसतर्फ प्रस्थान गर्नुभयो ।

वित्तीय, मौद्रिक, बैंकिङ्ग, आर्थिक विकाससँग सम्बन्धित क्षेत्रहरुमा अनुसन्धान तथा सदस्य केन्द्रीय बैंक र मोनिटरी अथोरिटीहरुलाई उक्त बिषयहरुमा तालिम प्रदान गर्ने उद्देश्यले सन् १९८२ मा स्थापना भएको SEACEN Center मा हाल २० केन्द्रीय बैंक तथा मोनिटरी अथोरिटीहरु आबद्ध रहेका छन् । उक्त Center को नेपाल संस्थापक सदस्य हो ।

प्रत्येक बर्ष आयोजना हुने SEACEN Governors' Conference मा सदस्य केन्द्रीय बैंक तथा मोनिटरी अथोरिटीहरुका गभर्नरहरुबीच आर्थिक तथा वित्तीय क्षेत्रसँग सम्बन्धित क्षेत्रमा विचार तथा अनुभव आदान प्रदान हुने गर्दछ । Enhancing Economic Resilience to the Changing Global Environment मुख्य बिषय रहेको उक्त Governors' Conference मा गभर्नर डा. नेपाल Panelist को रुपमा सहभागी भई Nepal's experiences in reducing vulnerability to global economic volatilities and shocks; recent policy initiatives, pre-emtive measures and their effectiveness विषयमा कार्यपत्र प्रस्तुत गर्नु हुने छ ।

SEACEN Governors' Conference सँगै आयोजना हुने SEACEN Board of Governors Meeting ले SEACEN Center को रणनीति, वार्षिक कार्यक्रम, बजेट तथा अन्य प्रशासनिक बिषयहरुका बारेमा निर्णय गर्ने गर्दछ ।

उक्त कार्यक्रममा भाग लिन गभर्नर डा. नेपालका साथ राष्ट्र ऋण विभागका कार्यकारी निर्देशक डा. मीनबहादुर श्रेष्ठ तथा गभर्नरको कार्यालयका सहायक निर्देशक गणेशमान महर्जन समेत त्यसतर्फ प्रस्थान गर्नुभएको छ ।

२०७२ मंसिर ७, सोमबार

गभर्नरको कार्यालय